नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(अनुमतिपत्र महाशाखा)

फोन नं.:- ४३३४११९
४५११५३७
४५११५०१
४५३९३६२
फ्याक्स :- ४५३९९०३
पो.ब.नं.:- २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या : २०८२/०८३ (अनुमतिपत्र)
चलानी नं. :- ९८३

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय विद्युत विकास विभाग २०५०

मिति : २०८३/१/४

विषय :- गोपी खोला जलविद्युत आयोजना (३ मे.वा.) दोलखाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त बारे।

श्री हिमालयन इनर्जी लि., काठमाडौं-३१, नयाँ बानेश्वर।
सम्पर्क मोबाइल नं. -९८६००९९९४०, इमेल : himalayanenergypvtltd@gmail.com

श्री टि.श्री हाइड्रो कम्पनी प्रा.लि., काठमाडौं-९, सिनामंगल टावर, सिनामंगल काठमाण्डौ ।
सम्पर्क मोबाइल नं. -९८०११६८८४२, फोन नं. : ०१-४००४६६६, इमेल :

प्रस्तुत विषयमा श्री हिमालयन इनर्जी लि.बाट प्रस्तावित गोपी खोला ज.वि.आ.(३ मे.वा.)को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त माथि कारबाही हुँदा तपशिल बमोजिमका कागजात विवरणहरु मध्ये बुँदा नं. (१)मा उल्लिखित प्रतिक्रिया प्रबर्द्धक टि.श्री हाइड्रो कम्पनी प्रा.लि.बाट र बुँदा नं. (२)मा उल्लिखित विवरण श्री हिमालयन इनर्जी लि.बाट विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका,२०७५(पाँचौ संसोधन समेत)को दफा१०(३)को व्यवस्था बमोजिम ३५ दिनको समयावधि भित्र पेश गर्नुहुन विभाग (उपमहानिर्देशकस्तर)को मिति २०८३/१/३ को निर्णयानुसार अनुरोध छ ।

तपशिल (नपुग तथा पेश गर्नुपर्ने कागजात विवरण) :

१. प्रस्तावित आयोजना क्षेत्र प्रबर्द्धक टी. श्री हाइड्रो कम्पनी प्रा.लि.का नाउँमा जारी तामाकोशी -३ अर्धजलाशययुक्त (PROR) ज.वि.आ.(६५०मे.वा.)को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र (वि.उ.स. १२७१)को आयोजना क्षेत्रसङ्ग दोहोरो पर्ने देखिएको र सो आयोजनाका प्रबर्द्धकले पेशगरेको प्रतिवेदन तथा आयोजनाको ले-आउट अनुसार उक्त तामाकोशी -३ PROR ज.वि.आ.को हेडरेस सुरुङ्ग प्रस्तुत गोपी खोला ज.वि.आ.को प्रस्तावित हेडवर्क्स क्षेत्र नजिकैबाट जाने गरी प्रस्तावित भएको देखिंदा उक्त तामाकोशी -३ PROR ज.वि.आ.का स्रोत र संरचनासङ्ग दोहोरो पर्न सक्ने देखिंदा विद्युत नियमावली २०५० को नियम ११ बमोजिम अनुमतिपत्र जारी गर्ने गरी कारवाही अगाडी बढाउन नसकिने देखिन्छ | तथापि तामाकोशी -३ PROR ज.वि.आ.का स्रोत र संरचना निर्माणमा बाधा पर्ने/नपर्ने सम्बन्धमा उक्त तामाकोशी -३ PROR ज.वि.आ.का प्रबर्द्धक कम्पनीको प्रतिक्रिया बुझी बाधा नपर्ने भएमा मात्र विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा ११ (२)को व्यवस्था बमोजिम अनुमतिपत्र जारी गर्ने तर्फको कारवाही अगाडी बढाउन बाधा नपर्ने देखिएकोले प्रबर्द्धक टी. श्री हाइड्रो कम्पनी प्रा.लि.का प्रबर्द्धकले दिएको प्रतिक्रिया |

२. प्रस्तावित गोपी खोला ज.वि.आ.का कारणबाट तामाकोशी -३ अर्धजलाशययुक्त (PROR) ज.वि.आ.लाई प्रतिकूल प्रभाव नपर्ने व्यहोराको प्रतिक्रिया वा सहमति प्रबर्द्धक टी.श्री हाइड्रो कम्पनी प्रा.लि.का तर्फबाट प्राप्त हुन आएमा प्रस्तुत गोपी खोला ज.वि.आ.का प्रबर्द्धकबाट तपशिल बमोजिमका कागजात विवरण पेश हुन :-

(क) प्रबर्द्धक कम्पनीको आ.व. २०८१/८२ को कर चुक्ता प्रमाण पत्र,

(ख) सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक/अख्तियारी प्राप्त व्यक्ति व्यक्तिको परिचयपत्रको नोटराइज प्रति,

(ग) Desk Study Report (प्रत्येक पानामा परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)

(घ) विभागबाट तोकिएको ढांचामा प्रवर्द्धक कम्पनीको UDIN no समेत खुलेको नेटवर्थ प्रमाण र सोलाई पुष्टि हुने कागजात/विवरणहरू,

(ङ) नेटवर्थ तयार गर्ने चार्टर्ड एकाउन्टेण्ट संस्थाको आ.व. २०८१/८२ को कर चुक्ता प्रमाण पत्र, संस्था दर्ता सम्बन्धी कागजात तथा नवीकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि,

(च) आयोजना अध्ययन गर्ने सम्बन्धमा परामर्श दातृ संस्थासँग भएको सम्झौता पत्रको प्रमाणित प्रति (प्रत्येक पानामा परामर्शदाता र प्रवर्द्धक संस्था (दुवै)को छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)।

(छ) परामर्श दातृ संस्थाको संस्थाको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि ।

.............................
(दुर्गा नारायण भुसाल)
इन्जिनियर